प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा तथा प्रमाणपत्र तहको पुर्ण शुल्कीय तर्फको पुनः प्रवेश परीक्षाको नतिजा प्रकाशन सम्बन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७५।०६।१७)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०७५।०५।३० र मिति २०७५।०६।०४ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम शैक्षिक सत्र २०७५/०७६ को डिप्लोमा/प्रमाणपत्र तहका तोकिएका बिभिन्न शैक्षिक कार्यक्रमहरुमा पुर्ण शुल्कीय कोटाहरुमा छनौटका लागि सम्वन्धित शिक्षण संस्थाहरुमा आवेदन फाराम भरी तोकिएका बिभिन्न परीक्षा केन्द्रहरुमा सञ्चालित डिप्लोमा तथा प्रमाणपत्र तहका शैक्षिक कार्यक्रमहरुको मिति २०७५।०६।१३ गते बिहान ८:०० बजे देखि संचालित पुनः प्रवेश परीक्षामा सामेल भएका परीक्षार्थीहरुको नाम र शिक्षण संस्था सहित पुनः प्रवेश परीक्षाको नतिजा मिति २०७५।०६।१६ गतेको निर्णयानुसार नतिजा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। नतिजाको विवरण परिषद्को वेवसाइट www.ctevt.org.np मा प्रकाशित गरिएको छ।

सिफारिश भएका मुख्य परिक्षार्थीहरुले तोकिएको शिक्षण संस्थामा परिषद्को वेभसाइटबाट नतिजा डाउनलोड गरी यो सूचना प्रकाशित भएको मितिले १० दिन(मिति २०७५।०६।२६ गते) भित्र भर्ना भइसक्नुपर्ने भएकाले उल्लेखित म्याद भित्र भर्ना सम्वन्धी निर्देशिका, २०७४ (संशोधन सहित)मा उल्लेख भए बमोजिमका आवश्यक सक्कल कागजातहरु (शैक्षिक प्रमाणपत्रहरु, प्रवेश परीक्षाको प्रवेशपत्र र आफ्नो बर्ग खुल्ने प्रमाणपत्रको सक्कल प्रति) लिई तोकिएको शिक्षण संस्थामा भर्ना गर्न गराउनु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

यस सूचना उल्लेख नभएका कुराहरु परिषद्को ऐन, नियम, बिनियम तथा डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्वन्धी निर्देशिका, २०७४(संशोधन सहित) बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

नोट : यो सूचना CTEVT को वेभसाइट www.ctevt.org.np मा पनि हेर्न सकिनेछ।

**परीक्षा नियन्त्रक**